# सानो पाइला (A Little Step)

**HEAD OFFICE, BIRGUNJ**

**Communications & Outreach**
T: +977 51-522203 M: +977 9804209548
E: info@sanopaila.org.np, W:www.sanopaila.org.np, Fb:www.facebook.com/sanopaila


**Press Release**
**For immediate release**

# सम्मान समारोह तथा २०१६ सालका लागि पहलहरुको घोषणासँगै सानो पाइलाको नवौं वार्षिकोत्सव सम्पन्न

**सानो पाइला युवा जागरुकता र संचार-सीप कार्यक्रम, सामुदायिक लागुऔषध पुनर्स्थापना केन्द्र (AFA)को विस्तार, Literacy for Nepal (LFN) र स्वास्थ सेवा परियोजनाको क्षमतावृद्धि, नयाँ सामाजिक व्यवसायको स्थापना र पारिवारिक वातावरणमा आधारित अनाथ बालबालिकाहरुको हेरविचार तथा अन्य स्मरणोत्सव गतिविधिहरु घोषणा गर्दछ।**

**वीरगंज, ९ डिसेम्बर, २०१५ / मंसिर २३, २०७२** - सन् २००६मा स्थापित सामाजिक र राष्ट्र विकासमा कार्यरत गैरसरकारी संस्था सानो पाइला (A Little Step) ले आज आफ्नो नवौं वार्षिकोत्सव मनाएको छ। यस अवसरमा आफ्नो संस्थागत मूल्यमान्यता र आफ्नो सदस्य तथा समुदायप्रतिको प्रतिवद्धतालाई कायम राख्दै आउने वर्षको लागि देशभरी संचालन गरिने कार्यक्रमहरुको घोषणा गरेको छ। यसै अवसरमा सानो पाइलाले, पिछडिएका र विपन्न समुदायसंग गरेको आफ्नो सहकार्यको सम्मानमा वीरगंज, जनकपुर, काठमाडौँ र हुम्लामा बेग्ला बेग्लै कार्यक्रमहरुको आयोजना गरेको छ।

यस अवसरमा आज प्रधान कार्यालय वीरगंज, पर्सामा संस्थाको वार्षिकोत्सव कार्यक्रम भव्यताका साथ मनाइयो । संस्थाका सभापति सुदिप कुमार तामांग (लामा) ज्यूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अथितिका रुपमा आमन्त्रित वरिष्ठ पत्रकार एवं विश्लेषक श्री चन्द्र किशोर झा ज्यूले संस्थाको Newsletter विमोचन गर्नुभयो। सानो पाइलाद्वारा संचालित आवधिक बालगृहमा सम्पन्न उक्त कार्यक्रममा बाल गृहका बालबालिकाहरु, PLHA र CABA समूहका बालबालिकाहरुले केक काटेर नवौं वार्षिकोत्सव मनाए। उपरोक्त अवसरमा नेपाल रेड क्रसको प्रतिनिधिको रुपमा श्री प्रविन मानान्धर ज्यू तथा आशा मिलन संस्थाकी श्री गंगा वाग्लेज्यूको समेत उपस्थिति रहेको थियो। सानो पाइला संस्थाका निवर्तमान सभापति डा. राकेश कुमार झा, सचिव डा. सुष्मा तिवारी, कोषाध्यक्ष रामबाबु कुमार सिंह लगायतले पनि सो कार्यक्रममा आफ्नो उपस्थिति जनाएका थिए। वाल कल्याण गृह, आशा मिलन तथा सानो पाइलाको वाल आवधिक गृहका

Communications & Outreach
T: +977 51-522203 M: +977 9804209548
E: info@sanopaila.org.np, W:www.sanopaila.org.np, Fb:www.facebook.com/sanopaila

वालवालिकाहरुको सहभागितामा उपरोक्त कार्यक्रम थप हर्षोउल्लासकासाथ सम्पन्न भएको थियो।

यसैगरी क्षेत्रीय कार्यालय सानेपा ललितपुरमा समेत संस्थाको नवौं वार्षिकोत्सव ललितपुर प्रमुख जिल्ला अधिकारी यादव प्रसाद कोइराला र प्रहरी प्रमुख एस. एस. पी. पिताम्बर अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत कन्चन झाले सो कार्यक्रममा संस्थाका विषयमा जानकारी दिंदै, आगामी वर्षको लागि संस्थाले तय गरेका योजनाहरुको बारेमा स्तृत जानकारी गराउनुभयो। सरकारी निकायसँगको सहकार्यमा जोड दिंदै प्रमुख कार्यकारी अधिकृत झाले समुदायको अगुवाइमा सानो पाइला संस्थाद्वारा काठमाडौं र आसपासका जिल्लामा युवा र मौलिक उत्पादनमा निर्भर कार्यक्रम संचालन गर्ने योजना रहेको बताउनुभयो।

संस्थाले जनकपुरमा समेत त्यहाँका सरोकारवालाहरुको उपस्तिथिमा केक काटेर विभिन्न कार्यक्रम आयोजना गरेर आफ्नो नवौं वार्षिकोत्सव मनायो। सँस्थाको जनकपुरस्थित AFA पुनर्स्थापनाकेन्द्रको हाताभित्र सम्पन्न कार्यक्रममा रामानन्द युवा क्लबका तर्फ़बाट सुबाष झा र सन्तोष ठाकुर, स्थानीय प्रहरी अधिकृतहरु, समुदायका सहभागीहरु तथा पुनर्स्थापना केन्द्रका सदस्यहरुको उपस्थिति रहेको थियो । पुनर्स्थापना केन्द्रका कार्यक्रम संयोजक श्री अजित्तम पाण्डे भन्नुहुन्छ, “यो यस शाखा कार्यालय द्वारा आयोजना गरिएको आफ्नो सँस्थाको पहिलो वावार्षिकोत्सव हो। AFA जनकपूर यस जिल्लामा उपचार उन्मुख पद्धति अप्नाउने पहिलो पुनर्स्थापना केन्द्र हो।”

यसैगरी सानो पाइला पुनर्संगठन शाखा प्रमुख सन्दीप सदाज्यूले हुम्ला जिल्लामा स्थानीय बालबालिका, जिल्ला वन कार्यालयका लोक जंग शाही, जिल्ला पर्यटन कार्यालयका देवी आइदि, कुल बहादुर रावत तथा स्थानीय व्यापारी ग्याल्जन लामाको उपस्थितिमा वार्षिकोत्सव आयोजना गरेका थिए। सो अवसरमा ग्याल्जन लामाज्यूद्वारा प्रायोजित केक काटिएको थियो।

संस्थाले आज आफ्ना आउने वर्षका योजनाहरु प्रस्तुत गर्दै नवौं वार्षिकोत्सव सम्पन्न गरेको छ । संस्थाले दिएको जानकारी अनुसार आगामी वर्ष संस्थाका विभिन्न कार्यक्रमहरु सुचारु तथा विस्तार हुनेछन्। संस्थाको सार “Think global, act local” लाई पुनः अभिवाचन गर्दै सानो पाइलाले युवा जागरुपता र सीपमुलक संचारका कार्यक्रमहरु (YCAP) पर्सा, बारा, रौतहट, धनुषा र महोतरीमा सन्

**सानो पाइला** (A Little Step)
**HEAD OFFICE, BIRGUNJ**

**Communications & Outreach**
T: +977 51-522203 M: +977 9804209548
E: info@sanopaila.org.np, W:www.sanopaila.org.np, Fb:www.facebook.com/sanopaila

२०१६ मार्चदेखि सुरुवात गर्ने घोषणा गरेको छ। YACP ले स्थानीय स्तरबाट पिछडिएका युवाहरुको जीवनस्तर सुध्रिड पार्न संचार सीपको विकास गराई समुदायिक स्तरमै युवा सशक्तिकरणमा योगदान पुर्याउनेछ ।

यसका साथै संस्थाले आगामी वर्ष मकवानपुर र रुपन्देहीमा थप दुई पुनर्स्थापना केन्द्र खोल्दै विरगंज र जनकपुरमा अवस्थित पुनर्स्थापना केन्द्रहरुको स्तर उन्नतिमा पनि काम गर्नेछ । यसैगरी Literacy For Nepal (LFN) तथा Health Services Centre कार्यक्रम अन्तरगत आफ्नो क्षमता अभिवृद्धि गर्दै, गाउँघरमा पूर्वाधार विकास, पुस्तकालय स्थापना तथा छात्रवृति प्रदान गर्ने योजनाहरुलाई सानो पाइलाले व्यापक रुपमा अघि सार्नेछ। आगामी वर्षको लागि तय गरिएका सम्पूर्ण कार्यक्रमहरुले सामुदायिक विकास तथा अभिमुखीकरणसँग गाँसिएको यस संस्थाको इतिहासलाई अझ प्रगाड बनाउनेछन्।

कार्यकारी अधिकृत र संस्थापक कन्चन झा भन्नुहुन्छ, "हामीलाई यो नवौं वार्षिकोत्सवले एक संस्थाको रुपमा थप बल र रोमान्चक दिशा प्रदान गर्नेछ, जसले गर्दा हामी अझ संस्थागत रुपमा प्रस्तुत हुन सक्नेछौं। अझै रणनीतिक र रचनात्मक दृष्टिकोण लिएर, आफ्नो कार्यशैलीलाई परिणाममा आधारित राख्न सबल बनाउँदै, समुदाय र राष्ट्रको आवश्यकता पूरा गर्ने हाम्रो उद्देश्यलाई निरन्तरता दिन सक्नेछौं। साथै यो वार्षिक गतिविधिले सानो पाइलाको मूल्य मान्यताको प्रतिकको रुपमा आफूलाई दर्शाएर हाम्रा सदस्य, कर्मचारी र स्वयंसेवकहरु सबैका लागि अविस्मरणीय भूमिका खेलेको छ।"

यस अवसरमा सानो पाइला परिवार आफ्ना सबै सहकर्मी, मित्र, साथीभाई तथा सरोकारवालाहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छ। सानो पाइलाको यो अभियानमा सबैको साथ सधैँ यसरी नै यथावत रहोस् भन्ने अपेक्षा पनि राख्दछ ।